आज मिति २०८० साल पौष २६ गते बिहिबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम बैठक बसी निम्न पदाधिकारीहरूको उपस्थितिमा देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | मान बहादुर खड्का | | |
| आमन्त्रित | | | | | |
| २४. | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५. | योजना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |
| | | | | | |

मिति २०८०/९/२६ गते ३२ औं कार्यपालिका बैठका एजेण्डाहरु

१. प्रगति समिक्षा।

२. विश्व खाद्य कार्यक्रमका प्रमुखलाई स्वागत गर्ने सम्बन्धी।

३. जिल्ला अदालत धुलिखेल काभ्रेपलाञ्चोकको प्रशासनिक पूर्वाधार तथा अन्य कार्यक्रमको लागि वजेट व्यवस्थापन सम्बन्धी।

४. जिल्ला खेलकुद विकास समितिलाई वजेट अनुदान सम्बन्धी।

५. नाल्दुम नगरकोट जेसिसलाई वजेट व्यवस्थापन सम्बन्धी।

६. अपाङ्ग बाल अस्पताल बनेपालाई बजेट अनुदान दिने सम्बन्धी।

७. वडा नं. १ र २ को नगरकोट क्षेत्रको सिमाङ्कनका लागि बजेट अनुदान श्रोत सुनिश्चितता सम्बन्धी।

८. कार्यपालिका पदाधिकारीहरुको आचारसंहिता लगायत अघिल्लो वैठकमा पेश गरिएका कार्यविधिहरु पारित गर्ने सम्बन्धी।

९. चालु आ.व.मा बाँकी रहेका योयना कार्यान्वयन विधि सम्बन्धी।

१०. सडक बालबाललिका तथा आमाबाबु विहिन व्यक्ति नभएको प्रमाणीकरण सम्बन्धी।

११. 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र जारी गर्ने सम्बन्धी।

१२. साविकमा नगरपालिका कार्यालय रहेको वहालको घर रंगरोगन गरी फिर्ता गर्ने सम्बन्धी।

१३. नगरपालिकाको वडा नं.१० को स्वास्थ्यचौकी, मन्दिर उद्धाटन खर्च भुक्तानी सम्बन्धमा।

१४. प्रशासकीय भवनको जग्गाको वाँकी मुआब्जा भुक्तानी सम्बन्धी।

१५. पशु सेवा प्राविधिकको भ्याक्शिनेशन पारिश्रमिक सम्बन्धी।

१६. विनियोजन ऐन २०८० लाई संसोधन गर्न वनेको विद्येयक २०८० सभामा पेश गर्ने सम्बन्धी।

१७. बेरुजु फर्छ्यौट कार्य योजना र लेखा समितिलाई क्रियाशिल गराउने सम्बन्धी।

१८. फेदी चण्डेनी सडकमा पर्ने दोस्रो मुडको सालको रुख हटाउने सम्बन्धी।

१९. नगर विकास कोषलाई साझेदारी कार्यक्रमका लागि अनुरोध गर्ने सम्बन्धी।

२०. विविध

२०८०/०९/२६ गते ३२ औं मण्डनदेउपुर नगरपालिका कार्यपालिका वैठकका निर्णयहरु

१. चालु आ.व. को हालसम्म यस नगरपालिका र वडागत राजश्व संकलन योजना तथा कार्यक्रम कार्यान्वयनको प्रगति समिक्षा गरियो।

२. यही पौष २८ गते विश्व खाद्य तथा कृषि संगठन (FAO) का Director General Dr. Dongyu समेतको प्रतिनिधि मण्डल यस नगरपालिका भ्रमणमा रहनु हुने भएकोले नगरपालिकाको तर्फबाट नगर प्रमुखबाट मायाको चिनो प्रदान र स्वागत गर्ने निर्णय गरियो।

३. जिल्ला अदालत, धुलिखेल, काभ्रेपलाञ्चोकबाट अदालतको न्याय सम्पादन प्रभावकारिताका लागि अत्यावश्यक सामाग्री व्यवस्थापन गर्न निवेदन माग भई आएकोले हाल आ.व. को मध्यावधिमा यस नगरपालिकामा बजेट न्यूनता समेतलाई ध्यानदिदै रु पाँच लाखसम्म पूँजीगत मालसामान खरिद गर्न बजेट उपलब्ध गराउने निर्णय गरियो।

४. जिल्ला खेलकुद विकास समिति काभ्रेपलाञ्चोकको आयोजनामा यहि पौष २७ देखि २९ गतेसम्म हुन गईरहेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट छनौट भएका खेलाडी विद्यार्थीहरु सहभागिता गराउन विनियोजित बजेट नपुग भएको देखिएकोले शिक्षा तथा खेलकुद क्षेत्रको चा.लु. आ.व. मा विनियोजित १७१ शिर्षकबाट रु एक लाख थप गर्ने निर्णय गरियो।

५. नाल्दुम नगरकोट जेसिसले यस नगरपालिका अन्तर्गतका युवाहरुका लागि प्रतिभा विकास योगदान पुऱ्याउदै यसै आ.ब.मा युवा संसद अभ्यास गराएको छ। उक्त कार्यक्रमका लागि बजेट माग भई आएको हुँदा युवा प्रतिभा विकामा योगदान पुऱ्याए वापत कार्यालयमा पेश हुंन आएको प्रस्तावना स्वीकृत गरी रु. दुई लाख कार्यक्रम साझेदारी उपलब्ध गराउने। त्यसैगरी काभ्रे जेसिसले गत भाद्र ३० गते २०८० मा "अपाङ्गता भएका व्यक्तिहरुको प्रतिभा प्रदर्शन एवम् समुदायमा आधारित जेसिस २०२३" नामक कार्यक्रम संचालन गरेकोमा चालु आ.व. को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत व.शि.नं. १७१, भैपरी आउने विविध योजना तथा कार्यक्रम शिर्षकबाट रु.५०,०००। उपलब्ध गराउने निर्णय गरियो।

६. अपाङ्ग वाल अस्पताल बनेपा, काभ्रेपलाञ्चोकले अपाङ्गता भएका बालबालिकाको उपचार एवम् अपाङ्गता सहायक सामाग्रीहरु उत्पादन र वितरण गर्दै यस नगरपालिका अन्तर्गतका अपाङ्गता भएका व्यक्तिहरुको उपचारमा महत्वपूर्ण योगदान गर्दै आएको हुँदा वृस्तित कार्यक्रम प्रस्तावना लिई रु ३,००,०००।– (तीन लाख) सहायता उपलब्ध गराउने निर्णय गरियो।

७. चा.लु. आ.व. को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत क.सं. २५७ मा नाल्दुम-नगरकोट पर्यटन प्रवर्द्धन कार्यक्रम अनुदान रु.१० लाख विनियोजन भए पनि आन्तरिक ऋणबाट श्रोत अनुमान गरिएकोले त्यस्तो श्रोत उपलब्ध हुन सक्ने देखिएन। नगरकोट-नाल्दुम पर्यटन विकास समिति

नामक गैह सरकारी संस्थाको समन्वयमा नगरकोट क्षेत्रमा पर्यटन विकासका कार्यक्रम आयोजना गर्दै आएको र सम्बद्ध नापी कार्यालयको प्राविधिक सहयोगमा सम्बन्धित पालिकाहरु बीच भौगोलिक सिमानाहरु यकिन गर्ने कार्य भइरहेको छ। उपरोक्त कार्यहरुका लागि रु १० लाख अनुदान व्यवस्थापन गर्नुपर्ने हुँदा यस अघि क्र.सं. १७१, भैपरी आउने विविध योजना तथा कार्यक्रम शिर्षकबाट रु. पाँच लाख अनुदान भुक्तानी भई सकेकोमा बाँकी रु. ५ लाख समेत अन्य शीर्षकबाट रकमान्तर गरी भुक्तानी उपलब्ध गराउने निर्णय गरियो।

८. यस नगरपालिकाको कार्यपालिका पदाधिकारीहरुको बैठकको आचार संहिता २०८० पारित गर्ने निणर्य गरियो।

९. यस नगरपलिकाको ३१औं कार्यपालिका बैठकमा पेश भई ३२औं कार्यपालिका बैठकमा छलफल भएका र सम्बन्धित विषयगत समितिहरुमा दफावार छलफलबाट संसोधन सिफारिस भएका तपसिलका कार्यविधि/निर्देशिकाहरु संसोधन सहित पारित गर्ने निर्णय गरियो।

तपसिल

क) मण्डनदेउपुर नगरपालिकामा करार/दैनिक ज्यालादारीमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०८०

ख) कृषि एम्बुलेनस खरिद तथा सञ्चालन कार्यविधि २०८०

ग) विद्यालय शिक्षा सिकाई उपलब्धी सुधारका लागि पेसाविद् सेवा व्यवस्थापन कार्यविधि २०८०

घ) सामुदारियक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि २०८०

ङ) शिक्षा नियमावली २०७४ को नियम ५५(५) संशोधन

च) सवारी साधन सञ्चालन तथा मर्मत संभार कार्यविधि २०८०

छ) पूर्वाधार संरचना मर्मत संभारकोष सञ्चालन कार्यविधि २०८०

१०. चालु आ.व. का योजना कार्यान्वयन विधि सम्बन्धमा १० लाख भन्दा कम लागतका योजना कार्यान्वयन गर्दा ठेक्का प्रक्रियामा निर्माण व्यवसायी आकर्षित नभएको पाइएकोले प्रचलित कानून बमोजिम अन्य विधि(सूचीकृत निर्माण व्यवसायी मार्फत सोझै खरिद) बाट समेत कार्यान्वयन गर्ने निर्णय गरियो।

११. यस नगरपालिका र अन्तर्गत सडक बालबालिका र संरक्षण विहिन व्यक्ति/सडक मानव नरहेको प्रमाणित गर्ने निर्णय गरियो।

१२. 'घ' वर्गको निर्माण व्यवसाय ईजाजत तथा कार्यालयको प्राविधिक समितिको सिफारिसको आधारमा जारी गर्ने निर्णय गरियो। साथै हाल निवेदन पेस भई प्राविधिक प्रतिवेदन समेत आइ सकेका देहायका "घ" वर्ग निर्माण व्यवसायी ईजाजत जारी गर्ने निर्णय गरियो।

क. श्री प्राणनाथ कन्सल्ट्रेन्सी एण्ड इन्जिनियरिङ सर्भिसेस प्रा.लि.,

ख. क्यू. एण्ड ई. कन्स्ट्क्सन एण्ड डेभलभमेन्ट प्रा.लि.,

१३. नगर कार्यपलिकाको कार्यालय रहेको साविक वहाल घर/भवन मर्मत र रंगरोगन सम्बन्धमा विगत साँढे पाँच वर्ष भन्दा बढि अवधिदेखि वहालमा लिइएको यसै नगरपालिका वडा नं. ७ स्थित घरधनी श्री शान्ति प्रसाद पौडेलको नाममा रहेको घर खाली गरी आफ्नै नवनिर्मित भवनमा कार्यालय स्थानान्तरण भएको छ। उक्त घर साविककै अवस्थामा फिर्ता गर्नु/गर्दा सामान्य मर्मत र रंगरोगन गरिदिनु पर्ने भएकोले घरवहाल शीर्षकमा बाँकी हुने वजेटबाट प्राविधिक ल.ई. अनुसार रु. ४,००,०००।- अक्षरुपी चार लाख रुपैयाँसम्म भुक्तानी दिने निर्णय गरियो।

१४. मण्डनदेउपुर नगरपालिका वडा नं. १० को निर्णय सिफारिस र निवेदन माग अनुसार मिति २०८०/०७/२६ गते नेपाल सरकारका माननीय स्वास्थ्य मन्त्री श्री मोहन बहादुर बस्नेत ज्यूबाट चण्डेनी मण्डन स्वास्थ्य चौकी उद्घाटन गर्दा खर्च भएको रु. ७३,८३५।- र ऐ. वडाको उमादेवी तथा भिमसेन मन्दिरको उद्घाटन मिति २०८०/०७/०६ गते नेपाल सरकारका माननीय अर्थमन्त्री डा. प्रकाशसरण महत ज्यूबाट गरिदाँ खर्च भएको रु. ८९,३९०।- समेत जम्मा रु. १,६३,२२५।- अक्षरुपी रु एक लाख त्रिसठ्ठी हजार दुई सय पच्चीस भुक्तानी दिने निर्णय गरियो। साथै वडाहरुमा विविध कार्यक्रम गरी न.पा.को अनुमति लिएर मात्र गर्नुपर्ने निर्णय गरियो।

१५. यस नगरपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण गर्दा जग्गा धनीबाट जग्गा अधिग्रहण गरिएको र ज.ध. श्री हिमलाल राई दनुवारको जग्गा क्षेत्रफल ०-४-२-३ को प्रति आना कायम गरिएको मुआब्जा रु. ७०,०००।- अक्षरुपी रु सत्तरी हजार रुपैयाँका दरले हुन आउने रकम रु. ३,२८,३००।- अक्षरुपी तीन लाख अठ्ठाइस हजार तीन सय रुपैयाँ चालु आ.व. को विनियोजन ऐन संशोधन गरी भुक्तानी दिने निर्णय गरियो।

१६. नगरपालिकाको पशुखोप कार्यक्रम संचालन गर्दा भ्याक्सीनेटर पारिश्रमिक तोक्नुपर्ने भएकोले साना पशु खोप (भेडा/वाखा) प्रति खोप रु. १० (अक्षरुपी दश रुपैयाँ मात्र) र ठुला पशु (गाई, भैंसी, वंगुर आदि) प्रतिखोप रु. २०।- (अक्षरुपी विस रुपैयाँ मात्र) पारिश्रमिक तोक्ने निर्णय गरियो।

१७.विनियोजन ऐन २०८० लाई संसोधन सम्बन्धमा चालु आ.व.का निर्माण खरिद ठेक्का व्यवस्थापन गरिएका विभिन्न योजना तथा कार्यक्रमहरुबाट घटाघट प्रतिस्पर्धा हुँदा बजेट बाँकि रहने तथा संघीय र प्रदेश सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान तर्फ ठेक्का व्यवस्थापनबाट बाँकि रहने बजेट तत्तत् निकायमा फिर्ता गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। यस नरपालिकाको आन्तरिक श्रोत तर्फ निर्माण खरिद ठेक्का व्यवस्थापन र पुनः निर्माण खरिद व्यवस्थापन समेतबाट बाँकि रहन आउने बजेट रकम क.सं. १७१ को भैपरि आउने विविध योजना तथा कार्यक्रम शिर्षकमा रकमान्तर गरी माथि निर्णय प्रकरण ३, ४, ५, ६, ७ लगायतका भैपरि आउने विविध योजना तथा कार्यक्रमको भुक्तानी व्यवस्था मिलाउने निर्णय गरियो।

१८. बेरुजु फछ्यौंट कार्ययोजना तयार गर्ने र नगरसभाको लेखा समितिलाई क्रियाशिल गराउने सम्बन्धमा लेखा समितिको पुनर्गठन प्रस्ताव यस नगरपालिकाको नगरसभाको १४ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

१९. नगरविकास कोष लगायतसँग साझेदारी सम्बन्धमा तपसिल बमोजिम निर्णय गरियोः

तपसिलः

क) 'देउपुर र मण्डनः कृषि र पर्यटन' जस्तो दीर्घकालिन सोच सहितको योजनाबद्ध विकास यो नगरपालिकाको प्रमुख प्राथिमकता हो। नगरपालिकाको वडा नं. १,२ र ३ पर्यटकीय क्षेत्र नगरकोट अन्तर्गत रहेको भए पनि पर्यटन पूर्वाधार विकासमा पर्याप्त लगानी जुटाउन सकिएको छैन। उपरोक्त सन्दर्भमा पर्यटकीय सम्भावना रहेका वडाहरु अन्तर्गत नीजि क्षेत्रको स्वामित्वमा रहेका जग्गाहरु, व्यक्तिको स्वामित्वमा रहेको रैकर जग्गाहरु साथै वन, जंगल वाहेकका उपयोग विहिन ऐलानी पर्ति जग्गाहरु प्रचालित कानून बमोजिम एकिकरण (Land pooling) गर्ने, सार्वजनिक-निजी साझेदारी गर्ने र श्री नगर विकास कोष लगायतका लगानीकर्ता समक्ष प्राविधिक सहयोग तथा लगानी व्यवस्थापनका लागि अनुरोध गर्ने निर्णय गरियो।

ख) यस नगर कार्यपालिकाको मुख्य प्रशासनिक भवन वरपरको जमिन प्रचलित कानून बमोजिम एकिकरण (Land pooling) गरी सुविधायुक्त नमूना सहर निर्माण गर्न प्राविधिक सहायता तथा लगानी व्यवस्थापनका लागि श्री नगर विकास कोष, वानेश्वर, काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो।

२०. विविध

क) अ.न.मी. निरीक्षक (अधिकृतस्तर छैठौं) श्री ईश्वरी सापकोटाको मिति २०८०/०६/०७ गतेदेखी २०८०/१०/०५ गते सम्म ११७ दिन अवधिको घरविदा स्वीकृत गर्ने निर्णय गरियो।

ख) यस नगरपालिकाको आ.ब. २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन गर्दा प्राप्ताङ्क ७२ (बहत्तर) लाई अनुमोदन गरियो।